
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ १२ गते बिहीबार ❑ 26 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखरालाई समृद्ध बनाउने काम गर्छौं : नवनिर्वाचित प्रमुख आचार्य

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

पोखरा महानगरपालिकाका नवनिर्वाचित प्रमुख धनराज आचार्यले गण्डकी प्रदेशको राजधानी पोखरालाई समृद्ध बनाउने योजनासहित कामको थालनी गरिने बताउनुभएको छ ।




पोखरा महानगरपालिकामा बुधबार पाँच दलीय गठबन्धनका उम्मेदवारको विजयी ऱ्यालीपछिको सभामा उहाँले शपथ र पदभार ग्रहणपछि चुनावी घोषणपत्रअनुसार नै कार्ययोजना बनाएर काम अघि बढाइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले पोखराका नवनिर्वाचित जनप्रतिनिधिको शपथ ग्रहण कार्यक्रम बिहीबार बिहान राखेको छ । कार्यक्रममा प्रमुख आचार्यले भन्नुभयो, "समग्र पोखराको समृद्धिका लागि भोलिदेखि नै हामी कामको थालनी गर्नेछौँ, अनावश्यक उद्घाटन र कम महत्वका कार्यक्रममा समय व्यतित गर्ने छैनौँ ।" प्रमुख आचार्यले महानगरमा एक महिनाभित्रमा सेवाग्राहीले सुधारको अनुभूति गर्नेगरी व्यवस्थितरूपमा सेवा प्रवाह गरिने प्रतिबद्धता जनाउनुभयो । सुशासन र प्रविधिमा मुख्य जोड दिइने उहाँको भनाइ छ ।

पदबहालीसँगै निर्वाचत जनप्रतिनिधिको 'काउन्ट डाउन' सुरु हुने भएकाले विकास योजनाको गहन छलफलका लागि जनप्रतिनिधि र महानगरका महाशाखा प्रमुखसहितको 'क्लोज क्याम्प' तत्कालै राख्ने उहाँले बताउनुभयो । आचार्यले महानगरभित्र म भन्ने होइन हामी भनेर काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "वडाध्यक्ष तथा सदस्य छुट्टै कार्यक्षेत्रबाट आएका हौँ । स्वभाव नमिल्न सक्छ तर महानगरभित्र राजनीति र पार्टीको कुरा गर्ने छैनौँ ।"

प्रमुख आचार्यले पदभार ग्रहणपछि पहिलो निर्णय नै जन्म, विवाह र मृत्यु दर्ता निःशुल्क गर्ने घोषणासमेत गर्नुभयो । पोखरालाई पर्यटकीय राजधानी बनाउने विषयलाई समेत कार्यान्वयनमा लैजाने उहाँले प्रतिबद्धता जनाउनुभयो । नेकपा (एकीकृत समाजवादी) का केन्द्रीय उपाध्यक्ष केशवलाल श्रेष्ठले निर्वाचनमा जनतासँग गरिएको वाचा र चुनावी घोषणापत्रको कार्यान्वयन गर्नेगरी काम गर्न निर्वाचित जनप्रतिनिधिलाई आग्रह गर्नुभयो । कार्यक्रममा नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले निर्वाचित प्रतिनिधि पोखरावासी सारा जनताको प्रतिनिधि रहेकाले सबै जनतालाई समानरूपमा व्यवहार हुने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री यज्ञबहादुर थापा, नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य दीपक कोइराला, राष्ट्रिय जनमोर्चाका गण्डकी प्रदेश अध्यक्ष शङ्कर बराल, नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बराललगायतले गठबन्धनका उम्मेदवारको जितले पोखराको विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

पोखरा महानगरको आज बिहान घोषणा गरिएको अन्तिम मत परिणामअनुसार गठबन्धनबाट महानगर प्रमुखमा नेकपा (एकीकृत समाजवादी) का धनराज आचार्य र उपप्रमुखमा नेकपा (एमाले) का मञ्जुदेवी गुरुङ विजयी हुनुभएको हो । उपप्रमुखमा गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका कोपिला रानाभाट भने पराजित हुनुभयो ।

## पोखरा महानगरपालिकाको मेयरमा आचार्य, उपमेयरमा गुरुङ निर्वाचित

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ





नेकपा (एकीकृत समाजवादी) का धनराज आचार्य पोखरा महानगरपालिकाको मेयर पदमा र उपमेयरमा नेकपा एमालेकी मञ्जुदेवी गुरुङ निर्वाचित भएका छन् ।

पाँच दलीय गठबन्धन साझा उमेदवार आचार्यले आफ्ना निकतम् प्रतिस्पर्धी नेकपा एमालेका कृष्ण थापालाई ६ हजार ४५ मतान्तरले पराजित गर्दै पोखराको १५ औं मेयरमा निर्वाचित भएका हुन् । आचार्यले खसेको मतमा ५८ हजार ८ सय ९३ ल्याउदा थापाले भने ५२ हजार ८ सय ४८ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालय, पोखराले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ ।

राप्रपाका मेयर उम्मेदवार शंकर खरालले ५ हजार ६ सय ७४ मत प्राप्त गरे गर्दा स्वतन्त्र उम्मेदवार गनेस पौडेलको ३ हजार ३० मत प्राप्त गरे । यसैगरी, उपमेयरमा एमालेकी मञ्जुदेवी पुनः उपमेयर भएकी छन् । गुरुङले आफ्ना निकटतम् प्रतिस्पर्धी नेपाली कांग्रेसकी कोपिला रानाभाटलाई ३ हजार ८ सय ८३ मतअन्तरले पछि पार्दै निर्वाचित भएकी हुन् । गुरुङले कुल खसेको मतमा ६० हजार ५ सय ४६ मत प्राप्त गर्दा गठबन्धनकी साझा उमेदवार रानाभाटले ५६ हजार ६ सय ६३ मत प्राप्त गरेकी हुन् । राप्रपाबाट उपमेयर उम्मेदवार रञ्जनाकुमारी सेन पौडेलले ५ हजार ६ सय ९९ मत प्राप्त गरिन् । पोखरारको १२ दिनमा मतगणना सम्पन्न भएको हो । मेयरमा पराजित एमालेका कृष्ण थापाले निर्वाचित आचार्यलाई सुरुमै मतगणना स्थलमै पुगेर बधाई सहित सफल कार्यकालको शुभकामना दिएका समेत दिएका छन् । २०७४ सालको चुनावमा एमालेले मेयर र उपमेयर दुवै जितेकोमा यसपालि एमालेले मेयर गुमायो । २०५४ सालमा कृष्ण थापा नै पोखराको मेयर भएका थिए । गण्डकी प्रदेश सभा सदस्य थापा मेयर उदको लागि राजीनामा दियर मेयर पदको उमेदवारी दिएका थिए । मेयर पदमा हार भएसंगै अब कुनै पनि स्थानमा अब आफु नठ्ने उनले पत्रकारसंग प्रतिकृया समेत दिएका छन् । आफ्ले यस निर्वाचन पश्चात कुनै स्थानमा पनि नठ्ने उनले मनासाय पहिलेनै व्यक्त गरेको उनले जनाए । पोखराका ३३ वटा वडामध्ये एमालेले मात्र ९ वडा जितेको छ । २३ वटा वडा कांग्रेसले जित्दा १ वटा वडा पोखरा २२ अध्यक्षमा भने स्वतन्त्रका उम्मेदवार हिमलाल बराल निर्वाचित भए । संघियता पछिको पहिलो स्थानिय निर्वाचनमा एमालेले २२ र कागेंसले ११ वटा जितेको थियो । कांग्रेसका तर्फबाट पोखरा वडा नं २ को वडाध्यक्षमा दिवसमान प्रधानाङ्ग, वडा नं ३ मा प्रकास उदास, वडा नं ४ मा देवकृष्ण पराजुली, वडा नं ७ मा राममोहन आचार्य, वडा नं ९ मा दीपेन्द्र मरासिनी, वडा नं १० मा राजेश गुरुङ, वडा नं ११ मा प्रेमप्रसाद कर्माचार्य, वडा नं १२ मा सन्तोष बास्तोला र वडा नं १३ मा किरण बराल निर्वाचित हुनुभएको छ । यसैगरी वडा नं १४ को वडाध्यक्षमा बोधराज कार्की, वडा नं १६ मा अमृत शर्मा तिमिल्सिना, वडा नं १८ मा शिवप्रसाद तिमिल्सिना, वडा नं १९ मा पुष्पेन्द्र पाण्डे, वडा नं २३ मा राजकाजी गुरुङ, वडा नं २४ मा भरतबहादुर अधिकारी, वडा नं २५ मा मोतिप्रसाद तिमिल्सिना, वडा नं २६ मा नरेन्द्र थापा, वडा नं २७ मा पूर्णकुमार गुरुङ, वडा नं २८ मा श्रीकृष्ण लामिछाने, वडा नं ३० मा दुर्गाप्रसाद सुवेदी, वडा नं ३१ मा ढकनाथ कँडेल, वडा नं ३२ मा अक्कलबहादुर कार्की र वडा नं ३३ मा रामचन्द्र अधिकारी विजयी हुनुभयो । एमालेका तर्फबाट पोखरा वडा नं १ मा साहारा प्रधान, वडा नं ५ मा विष्णुप्रसाद बराल, वडा नं ६ मा विष्णुबहादुर भट्टराई, वडा नं ८ मा रुद्रप्रसाद बराल, वडा नं १५ मा तोरण बानियाँ, वडा नं १७ मा राधिका शाही, वडा नं २० मा गङ्गा केसी, वडा नं २१ मा दीपकप्रसाद सुवेदी र वडा नं २९ मा श्रीप्रसाद गुरुङ वडाध्यक्षमा निर्वाचित हुनुभएको छ ।

पोखरा-२२ मा भने स्वतन्त्र उम्मेदवार हिमलाल बराल विजयी हुनुभयो । स्वतन्त्र उम्मेदवारी दिए पनि बराललाई सत्ता गठबन्धनका कांग्रेस र माओवादी केन्द्रले दलका तर्फबाट उम्मेदवारी फिर्ता लिएर सहयोग गरेका थिए ।

## मुख्यमन्त्री पोखरेल -भारतीय कार्यवाहक राजदूत भेट

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलसँग नेपालका लागि कार्यवाहक भारतीय राजदूत नाम्गे सी खम्पाले मंगलबार मुख्यमन्त्री कार्यालयमा भेट गरेकी छन् । कास्की र मुस्ताङमा भारतीय दूतावासमार्फत् सञ्चालित योजना अनुगमन र उद्घाटनका क्रममा रादजूत खम्पा पोखरा आएकी हुन् ।



भेटका अवसरमा प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बराल जीवन, कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापा, प्रमुख सचिव रविलाल पन्थ सहभागी थिए ।

उक्त अवसरमा नेपाल र भारतबीचको सम्बन्धको कुनै व्याख्या गर्न जरुरी नभएको भन्दै प्रदेश र मुलुकको समृद्धिका लागि सहकार्य बढाउँदै लैजानुपर्नेमा जोड दिए । उत्तरमा चीनको नाकादेखि दक्षिण भारत जोड्ने कोरला-त्रिवेणी सडक अन्तर्गत दुम्कीवास त्रिवेणी खण्डको ८ किलोमिटर सुरुङ मार्ग निर्माणमा प्रदेशले संघ सरकारमार्फत् भारतसँग सहकार्य गर्न तयार रहेको उनले बताए । तनहुँमा रहेको गिरिजाप्रसाद कोइराला स्वासप्रश्वास केन्द्रको स्तरोन्नतीका लागि नेपाल भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलेसमेत प्रतिबद्धता जनाएको स्मरण गराउँदै मुख्यमन्त्री पोखरेलले त्यहाँ मेडिकल कलेज सञ्चालनका लागि भारत सरकारबाट सहयोगको अपेक्षा गरिएको मुख्यमन्त्री पोखरेलले भनाइ राखे ।

प्रदेशको रोजगारी प्रवर्द्धन, पर्यटकीय क्षेत्र पोखराको सौन्दर्यीकरणका साथै फेवातालको संरक्षणमा समेत सहकार्य गरेर जान सकिने मुख्यमन्त्रीको भनाइ थियो । पोखरा अन्तर ाष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि यहाँको व्यावसायिक क्षेत्र फराकिलो हुने भन्दै त्यसै अनुसारका संरचना निर्माण जरुरी रहेको उनले सुनाए ।

कार्यवाहक भारतीय राजदूत नाम्गे सी खम्पाले गण्डकी प्रदेशको समृद्धिका लागि सहकार्य गर्न भारत तयार रहेको बताइन् । प्रदेशभित्रका सडक, पर्यटकीय पूर्वाधार र यातायात क्षेत्रमा भारतीय सरकारले सहयोग गर्दै आएको र योजनाका बारेमा विस्तृत विवरण प्राप्त भएको खण्डमा थप काम सुरु गर्न सकिने उनेको भनाइ थियो । नेपाली विद्यार्थीलाई छात्रवृत्तिका साथै विद्यालय तथा क्याम्पसका लागि बस, अस्पताल र संघसंस्थाका लागि एम्बुलेन्स प्रदान गर्दै आएको र यसले निरन्तरता पाउने प्रतिबद्धता उनले जनाइन् । भारतीय राजदूतावासमार्फत् प्रदेशभर ५२ वटा योजना सञ्चालन भएकामा कास्कीमा मात्र ११ वटा सञ्चालित छन् ।

## जनचाहना अनुरुपका कार्यक्रमलाई जोड दिनेछु : उपप्रमुख गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

पोखरा महानगरपालिकाको दोस्रो कालका लागि पुनः निर्वाचित उपप्रमुख मञ्जुदेवी गुरुङले जनताको जनमतलाई उच्च कदर गर्दै पोखराको समग्र विकासमा साझा उम्मेदवारका रुपमा काम गर्ने बताउनुभएको छ ।

निर्वाचनको अन्तिम मतपरिणाम आएसँगै नेकपा (एमाले)ले आयोजना गरेको विजय ऱ्यालीपश्चात्को कोणसभामा नवनिर्वाचित उपप्रमुख गुरुङले जनताले पुनः दोस्रो कार्यकालका लागि आफूलाई अनुमोदन गरेकाले अझ बढी जिम्मेवार र जनउत्तरदायी भएर जनमुखी कार्यक्रममा जोड दिने बताउनुभयो । "जनताले २०७४ सालमा अमूल्य मत दिएर पठाउनुभयो र ५ वर्षपछि पुनः अमूल्य मत दिएर अनुमोदन गर्नुभएको छ । अब साझा व्यक्ति भएर विकासलाई प्राथमिकता राखेर अघि बढ्छु," उहाँले भन्नुभयो । अघिल्लो कार्यकालका राम्रा कुरालाई पुनः निरन्तरता दिँदै समग्र पोखराका लागि थप नयाँ योजनालाई मूर्त रुप दिनका लागि आफू प्रतिबद्ध हुने बताउनुभयो ।

उहाँले अघिल्लो कार्यकालमा उपप्रमुखसँग महिला कार्यक्रम, महिला हिंसा न्यूनीकरणमा पुरुष ऐक्यबद्धता कार्यक्रमसँगै महिला सहायताकक्ष राखेर महिलाको न्याय र अधिकारका लागि बहस पैरवीलगायत थुप्रै प्रभावकारी कार्यक्रम भएको जनाउँदै यसको निरन्तरतासँगै थप समयको मागअनुसार अझ प्रभावकारी कार्यक्रमलाई जोड दिने बताउनुभयो ।

कोणसभामा एमालेका प्रमुखका प्रत्याशी कृष्ण थापाले प्रमुख पदमा जित्ने प्रबल सम्भावना हुँदाहुँदै नसोचेको परिणाम आएको जनाउँदै पार्टीभित्र यसको गहिरो समीक्षा हुनुपर्नेमा जोड दिनुभयो । उहाँले आफू पराजित भए पनि पोखराको विकासमा सहयोगी बनेर सधैँ सकारात्मक भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा एमालेका उपमहासचिव तथा प्रचार विभागप्रमुख पृथ्वीसुब्बा गुरुङ, एमाले स्थायी कमिटी

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सेभेन ए साईड फुटबल, भीमाद र बी-१३ अन्तिम आठमा

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

जनएकता युवा क्लब पोखरा-१४ को आयोजनामा सञ्चालित प्रथम सेभेन ए साईड फुटबल प्रतियोगिता अन्तर्गत बुधबार भीमाद युथ क्लब अन्तिम आठमा प्रवेश गरेको छ।

भीमादले कमलपोखरी बीलाई ३-२ गोलले पराजित गर्दै क्वाटरफाईनल प्रवेश गरेको हो। भीमादका लागि विनोद घिमिरे, लोकेश गुरुङले गोल गर्दा एक गोल उपहार पाएर भाग्यमानी बन्दै अन्तिम आठमा प्रवेश गऱ्यो। अजय गुरुङले आत्मघाती गोल गरेका थिए। कमलपोखरीका लागि सन्देश गुरुङ र उपेन गुरुङले गोल गर्दै प्रतिस्पर्धात्मक बनाएपनि आत्मघाती गोलले क्वार्टरफाईनलको ढोका बन्द गरिदियो। भीमादका विनोद गुरुङ म्यान अफ दि म्याच घोषित भए।



त्यसैगरी अर्को खेलमा बी-१३ ले शहीद स्कुललाई ४-० ले पराजित गर्दै अन्तिम आठमा प्रवेश गरेको छ। दिपेश गुरुङले २ तथा प्रविन गुरुङले २ गोल गर्दै जित सुनिश्चित बनाए। प्रविन म्यान अफ दि म्याच घोषित भए। संगम फुटबल क्लबलाई २-१ ले पराजित गर्दै रत्नचोक अन्तिम १६ मा प्रवेश गरेको छ। रामेश्वरी माविको खेल मैदानमा आयोजित प्रतियोगितामा रत्नचोकका लागि दुवै गोल सोनु गुरुङले गरेका थिए। संगमका लागि सुजन बुढाथोकीले एक गोल फर्काए। जित बराबरीको लागि पर्याप्त भएन्। खेलमा सोनु म्यान अफ दि म्याच भए।

त्यसैगरी अर्को खेलमा भीमकाली फुटबल क्लबले जनसेवा स्पोर्टस क्लबलाई पराजित गरेको छ। भीमकालीले जनसेवालाई २-० गोलले पराजित गऱ्यो। जितको लागि सुमित श्रेष्ठले दुवै गोल गरे। उनी खेलमा म्याच अफ दि म्याच घोषित भए।

त्यस्तै एलजी एकताले पुलिस ट्रेनिङ सेन्टरलाई ३-१ गोलले पराजित गरेको छ। एलजी एकताको लागि प्रशान्त गुरुङले दुई तथा विवेक गुरुङले एक गोल गरे। पुलिस ट्रेनिङका लागि प्रविन आले मगरले एक गोल फर्काए। खेलमा प्रशान्त म्यान अफ दि म्याच घोषित भए। त्यस्तै नयाँबजार फुटबल क्लबलाई मन्त्र चर्चले वाकओभर दिएको छ। रफ गाईज(आरजी)ले मर्दी एफसीमाथि ३-० को नजिता निकाल्यो। आरजीका लागि विपिन क्षत्री, आशिष गुरुङ र दिवस गुरुङले समान एक एक गोल हिर्काए। आशिष म्यान अफ दि म्याच घोषित भएको आयोजक जनएकता क्लबका सचिव घनश्याम अधिकारी(श्याम)ले जानकारी दिए। उनले बिहीबार ६ खेल हुने जानकारी दिए।

# कालिगण्डकीका प्रत्येक घरमा ईन्डक्सन चुल्हो

प्रकाश डोटेल
स्याङ्जा, ११ जेठ

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले प्रत्येक घरधुरीमा ईन्डक्शन चुल्हो वितरण गर्ने भएको छ।

गाउँपालिकाभित्र बसोबास गर्दै आएका करिब ४ हजार ६ सय घरधुरीलाई लक्षित गरी ग्यास चुल्हो प्रतिस्थापन गर्दै ईन्डक्शन चुल्हो वितरण गर्ने भएको हो।

गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले पदभार ग्रहण गर्दै ग्यासको बढ्दो मूल्य वृद्धिलाई मध्यनजर गर्दै पालिकाभित्रका सबै घरधुरीमा विद्युतीय ईन्डक्शन चुल्हो वितरण गर्ने लक्ष्य सहित पहिलो निर्णय गरिएको अध्यक्ष खिमबहादुर थापाले जानकारी दिए। "घरघरमा



रहेका ग्यासका सिलिण्डर संकलन गर्ने र ईन्डक्शन चुल्हो दिने निर्णय गरेका छौं।" अध्यक्ष थापाले भने, "निःशुल्क रुपमा चुल्हो उपलब्ध गराईने निर्णय गाउँसभाको आउँदो बैठकबाट पारित गरेर लागू गरेर कार्यान्वयनमा लैजान्छौं।"

कालीगण्डकीलाई २ वर्षभित्रमा धुँवारहित पालिका बनाउने लक्ष्य राखिएको बनाउँदै थापाले आयातित ग्यासको प्रतिस्थापन गर्दै विद्युतको प्रयोगमा बल पुऱ्याउने बताए। उनले दिएको जानकारी अनुसार यसअघि वडा नं ५ को दलित समुदायमा ईन्डक्शन चुल्हो परीक्षणका रूपमा वितरण गरिएको थियो। दलित समुदायमा संचालित कार्यक्रम प्रभावकारी भएसँगै गाउँपालिकाभरि नै ईन्डक्शन चुल्हो वितरण गर्ने योजना अगाडी सारिएको छ। धुँवारहित गाउँपालिका बनाउँने निर्णय भएसँगै चुल्होचौकोमा काम गर्दै आएका स्थानीय उत्साहित भएका छन्।

गाउँपालिकाले विद्युतको पहुँच सबै घरधुरीमा पुऱ्याउने अभियान अर्न्तगत विगत २ वर्षदेखि न्यूनतम विद्युतीय महसुल भुक्तानी गर्दै आएको छ। गाउँपालिकाले न्यूनतम २० युनिटसम्म विद्युत् महसुल निःशुल्क उपलब्ध गराउँदै आएको छ।

# गठबन्धन राष्ट्रिय आवश्यकता : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले जन भावनालाई आत्मसात् गर्दै क्रियाशील बन्न नवनिर्वाचित स्थानीय तहका पदाधिकारीलाई आग्रह गर्नुभएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेश कार्यसमितिद्वारा कांग्रेसका तर्फबाट नवनिर्वाचित प्रमुख तथा उपप्रमुखको सम्मानमा आज यहाँ आयोजित बधाई तथा शुभकामना कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले जनताले दिएको जिम्मेवारीलाई इमान्दारिताका साथ पूरा गर्न आग्रह गर्नुभयो।

गठबन्धन राष्ट्रिय आवश्यकता भएको बताउँदै नेता पौडेलले लोकतन्त्रको रक्षा, राजनीतिक स्थिरता, सुशासनका लागि गठबन्धन भएको स्पष्ट पार्नुभयो। गठबन्धनका परिणाम सकारात्मक देखिएको बताउँदै उहाँले आगामी प्रदेश तथा सङ्घीय निर्वाचनसम्म नै गठबन्धनलाई अझै बलियो बनाएर लैजाने बताउनुभयो।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशका मुख्य मन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले जनतालाई केन्द्रमा राखेर नवनिर्वाचित जनप्रतिनिधिले काम गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले प्रत्येक नवनिर्वाचितजनप्रतिनिधिलेआफ्नो कार्यकाललाई जनताले आशा एवं भरोसा गर्ने किसिमको बनाउनुपर्नेमा जोड दिनुभयो। आफ्ना पालिकामा अन्यका लागि पनि उदाहरणीय बन्ने गरी काम गर्न उहाँले नवनिर्वाचितलाई आग्रह गर्नुभयो।

कार्यक्रममा नेपाली कांग्रेस गण्डकी प्रदेश कार्यसमितिका उपसभापति मेखलाल श्रेष्ठ, महामन्त्रीद्वय विष्णुप्रसाद लामिछाने र किरणबाबु श्रेष्ठ, नेपाली कांग्रेस बागलुङका सभापति जित शेरचनलगायतले जनताले दिएको जिम्मेवारीलाई इमान्दारिताका साथ बहन गर्दै काम गर्नुपर्नेमा जोड दिनुभयो। उक्त अवसरमा नेपाल सरकारका पूर्वमुख्य सचिव डा सोमलाल सुवेदी र पूर्व सचिव बाबुराम आचार्यले नवनिर्वाचित जनप्रतिनिधिलाई आफ्ना कार्य अनुभवसहित गर्नसकिने कामलगायतका विषयमा प्रशिक्षण दिनुभएको थियो।

# मूल्यबृद्धिको विरोध गर्दै राप्रपा कास्कीको ज्ञापन पत्र

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

पेट्रोलियम पदार्थको मूल्यवृद्धि विरुद्ध राष्ट्रिय प्रजातन्त्र पार्टीले देशव्यापी विरोध प्रदर्शन गरेको छ। पार्टीले देशभरका जिल्ला प्रशासन कार्यालय र मूख्य मन्त्री कार्यालयमार्फत प्रधानमन्त्री कार्यालयसमक्ष ज्ञापन पत्र बुझाउँदै विरोध जनाएको हो। यसैबीच राष्ट्रिय प्रजातन्त्र पार्टी कास्कीले बुधबार जिल्ला प्रशासन कार्यालय कास्कीमा ज्ञापन पत्र बुझाउँदै मूल्यवृद्धिको विरोध जनाएको छ। पार्टीले अत्यावश्यक पेट्रोलियम पदार्थ र खाद्यान्नमा भएको मूल्यवृद्धि तत्काल हटाउनुपर्ने माग राखेको छ। बुधबार जिल्ला प्रशासन कार्यालय कास्कीमा राप्रपाका जिल्ला अध्यक्ष नारायण गुरुङको नेतृत्वमा पुगेको टोलीले ज्ञापनपत्र बुझाउँदै सरकारले मुल्यवृद्धि समायोजन नगरे चरणबद्ध रुपमा आन्दोलन गर्ने चेतावनी समेत दिएको छ।



'देश यसैपनि चरम आर्थिक संकट तर्फ उन्मुख भएको बेलामा जनताको ढाड सेक्नेगरि सरकारले नै मूल्यवृद्धि गर्नु कदाचित राम्रो काम होईन।' अध्यक्ष गुरुङले भने-'हामीले तत्काल मूल्यवृद्धि रोक्नका लागि अपील गरेका हौं। हाम्रो यो शान्तिपुर्ण दबाबलाई सरकारले तत्काल सम्बोधन गरोस् भन्ने हामी चाहन्छौं।' पार्टीले जनताको जीवनस्तर सहज बनाउनका लागि सरकारलाई दबाब दिने र मुल्यवृद्धि फिर्ता गर्न बाध्य बनाउन लागिरहने राप्रपा कास्कीका प्रवक्ता अरुण गिरीले बताए। सरकारले सहि समयमा माग सम्बोधनको प्रयास नगरेमा आन्दोलनले अर्को रुप लिने उनले बताए। बुधबार जिल्ला प्रशासन कार्यालय कास्कीमा ज्ञापन पत्र बुझाउने कार्यक्रममा पार्टीका गण्डकी प्रदेश अध्यक्ष पञ्चराम गुरुङ, महासचिव बरुण विक्रम राणा, पोखरा महानगरका मेयर उम्मेदवार शंकर खराल, उपमेयर उम्मदेवार रञ्जना सेन पौडेल लगाएतको उपस्थिती रहेको थियो। राप्रपा कास्कीले मंगलबार मात्रै पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको विरोध गर्दै पोखरामा राँके जुलुश समेत निकालेको थियो। राँके जुलुश अमर सिंहचोकमा गरिएको प्रवक्ता गिरीले जानकारी दिए। यसैबीच विहिबार पनि राप्रपा कास्कीले पोखरामा सडकमा मोटरसाइकल डोऱ्याएर विरोध प्रदर्शन गर्ने कार्यक्रम रहेको उनले बताए।

# विवेकशील साझा पार्टीका अध्यक्ष मिश्रद्वारा राजीनामा

रासस
काठमाडौं, ११ जेठ

विवेकशील साझा पार्टीका अध्यक्ष रवीन्द्र मिश्रले अध्यक्ष पदबाट राजीनामा दिनुभएको छ।

उहाँले गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा पार्टीको निर ाशाजनक परिणाम आएको जनाउँदै अध्यक्ष पदबाट बुधबार राजीनामा दिनुभएको हो। "विगत पाँच वर्षको समयमा तन, मन र धनले भ्याएसम्म पहिले संयोजक र पछि अध्यक्षका



रुपमा निःस्वार्थ र इमान्दार प्रयास गर्दागर्दै निर्वाचनमा निरासाजनक परिणाम आएकाले पार्टी अध्यक्षको पदबाट नैतिकताको आधारमा राजीनामा दिएको छु, आगामी दिनमा पार्टीको साधारण सदस्यमात्र रहिरहनेछु", विज्ञप्तिमा भनिएको छ।

उहाँले आफ्ना पार्टीका उम्मेदवार इमान्दार र सक्षम हुँदाहुँदै पनि राम्रो नतिजा हासिल गर्न नसक्नुको जिम्मेवारी आफूले लिने स्पष्ट पार्नुभयो। बाराको एक स्थानीय तह र दुई वडामा आफ्नो पार्टीका उम्मेदवार विजयी हुनु उम्मेदवारकै लोकप्रियताले भएको सो पार्टीले जनाएको छ।

अध्यक्ष मिश्रले विगत पाँच वर्षमा पार्टी प्रतिकूल अवस्थामा हुँदा पनि कति विचलित नभई पार्टी निर्माणमा दृढताका साथ लागिरहने नेता तथा सदस्य आफ्नो पार्टीलाई आर्थिक, नैतिक र भौतिकरूपमा सहयोग गर्ने नेपालभित्र र बाहिर रहेका सम्पूर्ण शुभेच्छुकलाई धन्यवाद दिनुभएको छ।

उहाँले विवेकशील साझाले उठाएका प्रमुख मुद्दा र नारा आजभोलि धेरै पार्टी र तिनका नेताहरूले उठाउन र बोल्न थालेको बताउँदै विवेकशील साझाले उठाएका प्रमुख मुद्दा सम्बोधन नगरेसम्म देशको रुपान्तरण सम्भव नहुने बताउनुभयो।

# जनचाहना...

सदस्य एवम् सङ्गठन विभाग खगराज अधिकारी, एमाले पोखरा महानगर अध्यक्ष दिलीप न्यौपाने लगायतले एमालेले ८६ वटा सदस्यसहित बहुमत ल्याए पनि प्रमुख र वडाहरुमा नराम्रो पराजय भोग्नु परेको जनाउँदै आगामी दिनमा समीक्षा गरेर अघि बढ्नुपर्ने धारणा राख्नुभएको थियो। महानगरको ३३ वडामा एमालेले ९ वडाध्यक्षमा मात्र जित्न सफल भएको छ।

# उजुरी पर्दैमा सबै दोषी ठहरिँदैन : आयुक्त सिलवाल

पोखरापत्र संवाददाता
मनाङ, ११ जेठ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त किशोरकुमार सिलवालले अधिकारलाई सही रुपमा उपयोग गर्नुपर्ने बताउनुभएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखराको आयोजनामा 'भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी अन्तरक्रिया'मा अधिकारको दुरुपयोग गर्ने कार्यको नियन्त्रणमा अख्तियार प्रतिबद्ध रहेको बताउनुभयो।

"उजुरी विभिन्न किसिमका हुन्छन्, स्थानीय तहलाई प्रत्यायोजन भएको अधिकारको सही उपयोग भएको छ वा छैन र अख्तियार दुरुपयोग भएमा सचेत गराउनाका साथै सूक्ष्म रुपमा अनुसन्धान गरी सही बाटोमा ल्याउन सचेत गराउन आवश्यक रहेको छ," आयुक्त सिलवालले भन्नुभयो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । – फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# दललाई जनताको झापड

नेपाली जनताको लामो समयको आन्दोलनले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । यो प्रणाली ल्याउन धेरैले जीवन गुमाएका छन । राजनीति गर्ने, आफ्नो आस्थाको पार्टीमा संगठित हुने, संगठन गर्ने अधिकार यो व्यवस्थाले दिएको छाराजनीतिक दल नखोली स्वतन्त्रतापूर्वक बोल्न, विचार बनाउन, विचारको प्रचार गर्न, शासन सत्तामा रहेकाहरूको विरोध गर्न, आन्दोलन गर्न यही प्रणालीले दिएको छ । यो सबै देशमा दशकौँ अघिदेखि भएका राजनीतिक आन्दोलनको बलमा प्राप्त भएको परिणामस्वरूप पाइएको हो । काठमाडौँका बालेन शाह, धरानका हर्क साम्पाङ र धनगढीका गोपाल हमालहरू स्वतन्त्र उम्मेदवार बन्न पाउनुभएको पनि त्यही राजनीतिक संघर्ष र त्यसको सफलताकै बलमा हो । जनताले दल भन्दा बाहिर पनि योग्य मानिस छन भनेर देशको राजधानीको मेयर वालेन शाहलाई जिताएका छन ।

पूर्वको सचेत नागरिक बस्ने शहर धरानले हर्क साङपाङलाई जितायो । सुदूरपश्चिमको धनगढीबाट गोपाल हमला मेयर निर्वाचित भए स्वतन्त्र उमेदवार भएर । हरेक निर्वाचनमा जनताले दललाई आफ्नो हैसियत देखाइ दिन्छन् । एक पटकको ठूलो सधैं नहुन सक्छ । जनताको भावना बुझ्न नसक्दा सजाय दिन्छन् त्यसैले जनता महान् छन्, लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो । दलभित्र खराबी हुन सक्दैन, खराबी छैन भन्न त सकिँदैन, बहुदलीय लोकतन्त्रमा दलहरूको ठुलो र निर्णायक महत्त्व हुन्छ, त्यस अनुसारको भूमिका हुन्छ । दलहरूको शक्ति भनेका पनि जनता नै हुन् । त्यसैले जनता र राजनीतिक दलका बीचमा अनबन हुनु, दलहरूप्रति जनताको वितृष्णा बढ्नु, विश्वास घट्नुका मुख्य जिम्मेवार दलहरू नै हुन् ।

चुनावका सन्दर्भमा संविधानले कल्पना नै नगरेको गठबन्धन गर्नु दलहरूले आफ्नो दलप्रति आफैले विश्वास नगरेकै हो । जब दलहरूले आफ्नो सिद्धान्त, विचार, दृष्टिकोण, सङ्गठनमाथि विश्वास नगरेर यी सबैलाई छासमिस पारेर गठबन्धन गर्दछन्, जनताले कुन दलको प्रतिबद्धतालाई अनुमोदन गर्ने ? वास्तवमा गठबन्धनका उम्मेदवारहरूले पनि स्वतन्त्र उम्मेदवारकै समूहको चुनाव चिन्हमा लड्नुपर्ने प्रावधान हुनुपर्ने हो । दलप्रतिको अविश्वासले गठबन्धन गरिन्छ भने दलको चुनाव चिन्हमा चुनाव लड्नुको सैद्धान्तिक आधार र औचित्य रहन्छ र ? तर, यस्तो प्रयोग भयो, पाँच दलको गठबन्धन गरेर एउटा दलको चिन्हमा चुनाव लड्ने गैर दलीय अभ्यास भयो । यसको असर र प्रभाव पनि स्वतन्त्र उम्मेदवारका लागि बलियो आधार बन्यो ।

राजनीतिक दलहरू दलीय व्यवस्था र जनताको स्वतन्त्रता बीचको पुल बन्न सकेनन् । यसले दलीय मान्यता र पद्धतिलाई कमजोर बनाउनु स्वाभाविक हो । यसका लागि दलहरू दोषी छन् । दलहरूको दोषका कारण गैर दलीय संस्कृति मौलाउने र चुनावमा दलको विकल्पमा दल नभई दलको विकल्पमा स्वतन्त्र रोजाइले दलीय व्यवस्थालाई कमजोर बनाउँछ । दलहरूका दाबीलाई दाल दलेर्झैं दल्दै स्वतन्त्र उम्मेदवारहरूले प्राप्त गरेको विजयबाट दलहरूले गम्भीर शिक्षा लिनु जरुरी छ । दलहरूले बेलैमा नीति, नेतृत्व र नेताप्रति विश्वास बढाउने काम गरून्, आफैले संघर्ष गरेर प्राप्त गरेको बहुदलीय लोकतन्त्रलाई सबल, विश्वसनीय र जनमुखी बनाउन् । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिपछि सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचनमा जनमत प्राप्त गरेर जनप्रतिनिधि बन्ने अवसर प्राप्त गर्नुभएका सबैलाई हार्दिक बधाई छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : मन चञ्चल | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : शारीरिक झमेला | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सेवाको भावना भए मात्रै विकास सम्भव हुन्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, ११ जेठ**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले सेवाको भावना भए मात्रै विकास सम्भव रहेको बताउनुभएको छ । तनहुँको व्यास नगरपालिकाले नवनिर्वाचित जनप्रतिनिधिका लागि आज आयोजना गरेको बधाई एवं शुभकामना कार्यक्रमलाई सम्बोधन गर्दै वरिष्ठ नेता पौडेलले जनप्रतिनिधि शासक नभई सेवक बन्नुपर्ने उल्लेख गर्नुभयो ।

जनताले सेवक बन्नका लागि निर्वाचनमार्फत मत दिएकाले जनताको सेवक बनेर काम गर्न वरिष्ठ नेता पौडेलले आग्रह गर्नुभयो । "जनप्रतिनिधिले हामीहरू जनताको शासक होइन, सेवक हौँ भन्ने भावना जागृत गर्नुपर्छ, त्यसो भएको खण्डमा मात्रै विकास गर्न सकिन्छ," उहाँले भन्नुभयो । वरिष्ठ नेता पौडेलले व्यास नगरपालिकालाई सौन्दर्य भर्ने काममा अग्रसर हुन जनप्रतिनिधिलाई आग्रह गर्नुभयो । जनप्रतिनिधिको काँधमा ठूलो जिम्मेवारी भएकाले उक्त जिम्मेवारी सफलतापूर्वक पूरा गर्नुपर्ने उहाँको जोड दिनुभयो । "समाज विकासका लागि आफैँ अग्रसर हुनुपर्छ, त्यसको जिम्मेवारी जनताले दिएका छन्," पौडेलले भन्नुभयो, "समाजका लागि केही गर्नुपर्छ भन्ने सङ्कल्प बोक्नुपर्छ ।" वरिष्ठ नेता पौडेलले समाजलाई उन्नतिको बाटोमा डोऱ्याउनेतर्फ अगाडि बढ्न आग्रह गर्दै भन्नुभयो, "आत्मज्ञान सबैभन्दा ठूलो कुरा हो, पहिला आफैँले आफैँलाई चिन्नुपर्छ, आफूभित्र के छ त्यसलाई चिन्नुपर्छ ।" राजनीतिक रुपमा मात्र नभई सामाजिक र आर्थिक रुपमा समेत परिवर्तन भइरहेको वरिष्ठ नेता पौडेलले बताउनुभयो । कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री शङ्कर भण्डारीले आर्थिक समृद्धि र विकास एउटै मात्र लक्ष्य रहेकाले त्यसलाई पूरा गर्नेतर्फ लाग्न आग्रह गर्नुभयो । व्यास नगरपालिकाको फोहरमैला समस्याका रुपमा रहेकाले त्यसलाई समाधान गर्नेतर्फ जनप्रतिनिधि लाग्नुपर्ने बताउनुभयो । केन्द्रीय सदस्य गोविन्द भट्टराईले कांग्रेसको नेतृत्वमा देशमा विकास भएको र त्यसलाई निरन्तरता दिनुपर्ने उल्लेख गर्नुभयो ।

गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोबाटे विक, प्रदेश सांसद सरिता गुरुङ, नेपाली कांग्रेसका जिल्ला उपसभापति देवकुमार श्रेष्ठ, नेकपा (एमाले)का उपसचिव प्रदीपराज अधिकारी, नेकपा (एकीकृत समाजवादी)का सचिव श्रीराम कार्की लगायतले व्यास नगरपालिकाको विकास र समृद्धिमा लाग्न आग्रह गर्नुभयो । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले जनताको भावना बुझेर काम गर्ने बताउनुभयो ।

# अझै पाँच पालिकाको नतिजा आउन बाँकी

**रासस**
**काठमाडौं, ११ जेठ**

स्थानीय तह सदस्य निर्वाचन सम्पन्न भएको १२ दिन पुगे पनि अझै ५ पालिकाको अन्तिम नतिजा सार्वजनिक हुन सकेको छैन । निर्वाचन आयोगका अनुसार काठमाडौँ महानगरपालिका, रौटहटको गरुडा र फतुवा विजयपुर नगरपालिका र उदयपुरको त्रियुगा नगरपालिकाको मतगणना भइरहेको छ ।

बाजुराको बूढीगङ्गा नगरपालिकामा अझै मतगणना सुरु हुन सकेको छैन । निर्वाचन आयोगका अनुसार काठमाडौँ महानगरपालिकाको प्रमुखमा स्वतन्त्र उम्मेदवार बालेन्द्र साह ४८ हजार ४३२ मतसहित अग्रस्थानमा हुनुहुन्छ । उहाँको प्रतिद्वन्द्वी नेपाली कांग्रेसका सिर्जना श्रेष्ठले ३० हजार ३९७ मत प्राप्त गर्नुभएको छ । यस्तै उपप्रमुखमा नेकपा (एमाले)का सुनिता डङ्गोलले ५३ हजार ६४२ मत प्राप्त गर्दा नेकपा (एकीकृत समाजवादी) का रामेश्वर श्रेष्ठले १७ हजार ७५६ मत प्राप्त गर्नुभएको छ ।

उदयपुरको त्रियुगा नगरपालिकाको प्रमुखमा एकीकृत समाजवादीका बलदेव चौधरी ७४४ मतसहित अग्रस्थानमा हुनुहुन्छ । प्रतिद्वन्द्वी कांग्रेसका वसन्तकुमार बस्नेतले ३४४ मत प्राप्त गर्नुभएको छ । उपप्रमुखमा नेकपा (माओवादी केन्द्र)का गीता खड्का कार्कीले ८१८ मत प्राप्त गर्नुभएको छ भने प्रतिद्वन्द्वी कांग्रेसका सरिता राईले ३२० मत प्राप्त गर्नुभएको छ ।

रौतहटको गरुडा नगरपालिकको प्रमुखमा एमालेका कन्थमनी प्रसाद कलवार तीन हजार ८०७ मतका साथ अगाडि हुनुहुन्छ । उहाँलाई एकीकृत समाजवादीका वृजकिशोर प्रसाद यादवले तीन हजार ४१८ मतका साथ पछ्याइरहनुभएको छ ।

उपप्रमुखमा कांग्रेसका पुनमकुमारी चौधरीले पाँच हजार १४८ मत प्राप्त गर्दा जनता समाजवादी पार्टी नेपालका विन्दुकुमारी देवीले तीन हजार १६४ मत प्राप्त गर्नुभएको छ ।

रौतहटकै फतुवा विजयपुर नगरपालिकाको प्रमुखमा कांग्रेसका गोपाल राय यादवले चार हजार ११७ मत प्राप्त गरी अग्रता लिइरहनुभएको छ । एमालेका विजय यादव दुई हजार ९२२ मतका साथ पछि हुनुहुन्छ । उपप्रमुखमा कांग्रेसका अमवेया खातुनले चार हजार २५१ मत र एमालेका कान्ती देवीले तीन हजार २७० मत प्राप्त गर्नुभएको छ ।

सार्वजनिक भएको मतपरिणामअनुसार नेपाली कांग्रेस १३८ नगरपालिका र १८८ अध्यक्षसहित ३२६ स्थानमा विजयी भएको छ । जारी मतगणनामा कांग्रेस दुई स्थानमा अगाडि छ। एमाले ८१ नगरपालिका र १२३ गाउँपालिकासहित २०४ स्थानमा विजयी भएको छ । माओवादी केन्द्र २५ नगरपालिका र ९६ गाउँपालिका गरी १२१ स्थानीय तहमा विजयी भएको छ ।


## विमा लेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।
नामः भोलामाया गुरुङ
ठेगानाः मौजा–१ कास्की
विमा लेख नं. ०६१०००१७२८
सम्पर्क : गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय पोखरा
मोः ०६१-५२४४५०


# 'पुस्तक छैन, कसरी पढ्नु ?'

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ११ जेठ**

नयाँ शैक्षिकसत्र सुरु भएपनि विद्यार्थीले नयाँ पुस्तक नपाउँदा म्याग्दीका सामुदायिक विद्यालयको पठनपाठन प्रभावित भएको छ ।

नयाँ पुस्तक नपाउँदा विद्यार्थीलाई पढ्न र शिक्षकलाई पढाउन समस्या भएको हो । पाठ्यक्रम फेरिएको सामुदायिक विद्यालयको कक्षा ४ र ७ का विद्यार्थीसँग पुस्तक छैन । पाठ्यक्रम यथावत भएका अन्य कक्षाका विद्यार्थीले पुराना पुस्तक पढ्ने गरेका छन् ।

बेनी नगरपालिका-८ कालीपुलको बालमन्दिर आधारभूत विद्यालयको कक्षा ७ का विद्यार्थी सुरेन्द्र परियारले पुस्तक नहुँदा शिक्षकलाई पढाउन, आफूहरूलाई बुझ्न र गृहकार्य गर्न समस्या भएको बताउनुभयो । "किताब नहुँदा अप्ठ्यारो भएको छ", बालमन्दिर आधारभूतको कक्षा ७ की विद्यार्थी पुष्पा केसीले भन्नुभयो, "सर, मिसले पढाएको बुझ्न र दिएको गृहकार्य गर्न समस्या भएको छ ।" कक्षा ४ र ७ को पाठ्यक्रम यस वर्षदेखि परिवर्तन भएको छ ।

पाठ्यक्रम नफेरिएका कक्षाका विद्यार्थीलाई पुराना पुस्तक उपलब्ध गराइएको छ । उपल्लो कक्षामा गएका विद्यार्थीलाई यसअघि उनीहरूले प्रयोग गरेको पुस्तक फिर्ता मागेर उपलब्ध गराएका हुन् । गाता नभएका, केरमेट भएका र च्यातिएका पुराना पुस्तक पढ्न असजिलो भएको विद्यार्थी इन्द्रबहादुर भण्डारीले बताउनुभयो । नयाँ पुस्तक नआउँदा पढाउन समस्या भएको बालमन्दिर आधारभूत विद्यालयका शिक्षिक गीता सुवेदीले बताउनुभयो । "पाठ्यक्रम यथावत रहेको कक्षामा पुराना पुस्तक वितरण गरेर काम चलाएका छौँ", उहाँले भन्नुभयो, "फेरिएको पाठ्यक्रमअनुसारको नयाँ पुस्तक नहुँदा पाठ अघि बढाउन सकिएको छैन ।"

दुई सय ३२ सामुदायिक विद्यालय भएको म्याग्दीमा एउटा कक्षाका लागि एक हजार ७०० देखि दुई हजार सेट पुस्तक आवश्यक पर्छ । पुस्तक खरिदका लागि म्याग्दीमा वार्षिक रु एक करोड १२ लाखभन्दा बढी बजेट खर्च हुन्छ । नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासङ्घ गण्डकी प्रदेश समितिका अध्यक्ष लीलाराम गौतमले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले कागज अभावको कारण देखाएर पुस्तक छाप्न ढिलाइ गरेको जानकारी दिनुभयो । "मतपत्र छपाउँदा पुस्तक छाप्न ढिलाइ भएको कारण देखाइए पनि कागज अभावले पुस्तक छपाइलाई प्रभावित बनाएको हो", उहाँले भन्नुभयो, "न्यून सङ्ख्यामा छापिएका पुस्तकको वितरण पनि व्यवस्थित छैन ।" जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको पोखरास्थित कार्यालयले मङ्गलबार आयोजना गरेको वितरकहरूसँगको बैठकले आएका पुस्तक प्रदेशभरका जिल्लामा दामासाहीका दरले वितरण गर्ने निर्णय गरेको छ ।

"कक्षा ६ को ३४ हजार पुस्तक आवश्यक पर्नेमा अहिले चार हजार मात्र आएको छ", महासङ्घका प्रदेश अध्यक्ष गौतमले भन्नुभयो, "पूरा सेटमा पुस्तक नआएको र भएको पुस्तक पनि वितरण व्यवस्थित नहुँदा समस्या हुने देखिन्छ ।"

पुस्तक व्यवसायी तथा वितरकहरूका अनुसार निजी विद्यालयको कक्षा ४, ७ र ९ को पनि पूरा पुस्तक आएको छैन । यसअघिका वर्षमा शैक्षिकसत्र सुरु हुनुअघि नै विद्यार्थीको हात-हातमा पुस्तक उपलब्ध गराइँदै आएको थियो । म्याग्दीका पुस्तक व्यवसायीले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट ल्याएको पुस्तक बेनीमा बिक्री केन्द्र राखेर विद्यालयलाई उपलब्ध गराउँदै आएका छन् ।

# स्याङ्जामा डायलाईसिस र ब्लड बैंक स्थापना

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ११ जेठ**

स्याङ्जा सदरमुकामस्थित पुतलीबजारमा डायलाईसिस सेवालाई विस्तार र रक्त बैंक स्थापन गरिने भएको छ । मृगौला विरामीलाई नियमित डायलाईसिसको लागि जिल्ला बाहिर जानुपर्ने बाध्यताको अन्त्य र रगतको अभावमा नागरिकको ज्यान जान नदिन रक्त बैंक स्थापना गर्न लागिएको हो ।

पुतलीबजार नगरपालिकाको कार्यपालिकाको पहिलो बैठकले सेवा विस्तार र रक्त बैंक स्थापन गर्ने पहिलो निर्णय गरेको छ । जिल्ला अस्पतालमा नियमित रुपमा संचालन हुँदै आएको डायलाईसिस सेवाको विस्तार र थप प्रभावकारी बनाउन आवश्यक स्वास्थ्यकर्मी, बायोमेडिकल टेक्निसियन तथा पूर्वाधारको व्यवस्थापन नगरपालिकाले गर्ने भएको छ ।

जिल्ला अस्पतालमा हाल नियमित रुपमा १२ जना मृगौला विरामीले डायलाईसिस सेवा लिर्दै आएका छन् । नगरपालिकाको यो निर्णयसँगै केहि दिनभित्रमा आवश्यक पूर्वाधारको तयार गरी झण्डै ४५ जनालाई सहज रुपमा सेवा प्रवाह गर्न लागिएको छ । जिल्लामा हाल करिब ८० जना मृगौला विरामीको नियमित डायलाईसिस गनुपर्ने छ ।

लाखौं रुपैयाँ खर्च गरेर उपचारको क्रममा डायलाईसिस गर्नुपर्ने मृगौला विरामीको मागलाई ध्यानमा राखेर डायलाईसिस सेवालाई प्रभावकारी बनाउन लागिएको गर प्रमुख तुलसीराम रेग्मीले जानकारी दिए । मृगौला विरामीलाई उपचारका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यताको अन्त्य गरिने नगर प्रमुख रेग्मीले बताए । चुनावी घोषणा पत्रमा काँग्रेस स्याङ्जाले डायलाईसिस सेवालाई विस्तार र प्रभावकारी बनाउने समेत प्रतिवद्धता जनाएको थियो ।

कार्यपालिका बैठकले पुतलीबजार नगरक्षेत्रमा ब्लड बैंक स्थापना गर्ने निर्णय गरेको छ । जिल्लाका सरोकारवाला निकायसँगै रेडक्रस सोसाईटीको समन्वयमा यथाशिघ्र ब्लड बैंक स्थापना गरिने भएको छ । आर्थिक वर्ष २०७८/७९ मा विपद् व्यवस्थापन कोषमा विनियोजित बजेटबाट १० लाख बजेट निकासा गरी ब्लड बैंक स्थापना गर्न लागिएको हो ।

जिल्ला अस्पतालमा शल्यक्रिया मार्फत हुने सुत्केरी सेवा र अन्य विरामीलाई अत्यावश्यक पर्ने रगत सहज उपलब्ध गराउन ब्लड बैंक स्थापन गर्न लागिएको हो । रगत अभावमा सुत्केरी र अन्य विरामीको अकालमै मृत्यु हुनबाट रोक्न ब्लड बैंकले सहज भूमिका निर्वाह गर्ने स्थानीयले विश्वास गरेका छन् । यो निर्णयसँगै जिल्लामा रगत अभावमा जिल्ला बाहिर जानुपर्ने बाध्यताको अन्त्य हुने अपेक्षा गरिएको छ ।

पालिकाको पहिलो बैंठकले नगरपालिकाको संस्थागत विकासको अवस्था र नगरभित्र सञ्चालित योजना तथा कार्यक्रमका बारेमा प्रमुख प्रशासकीय अधिकृतबाट कार्यपालिकाले जानकारी लिएको छ। चालु आर्थिक वर्षमा सम्पन्न गर्नुपर्ने योजना तथा कार्यक्रमहरु तत्काल अगाडी बढाउने र समयसिमामै सम्पन्न गर्न आवश्यक निर्देशन दिएको नगर उपप्रमुख देबी अर्यालले जानकारी दिईन् ।

नवनिर्वाचित प्रतिनिधिको कार्यपालिका बैठकले गरेको निर्णयसँगै स्थानीय हर्षित भएका छन् । लामो समयदेखि समस्याका रुपमा रहदै आएको डायलाईसिस सेवाको विस्तार र ब्लड बैंक स्थापना गर्ने निर्णयले आम नागरिकको स्वास्थ्यमा जनप्रतिनिधिहरु गम्भिर छन् भन्ने देखाएको उनीहरुले बताए ।

# माओवादीले नवनिर्वाचित जनप्रतिनिधिलाई प्रशिक्षण दिने

**रासस**
**काठमाडौं, ११ जेठ**

नेकपा (माओवादी केन्द्र)ले जनताको कामका लागि अभिप्रेरित गर्ने उद्देश्यले नवनिर्वाचित जनप्रतिनिधिलाई प्रशिक्षण दिने भएको छ ।

यही जेठ १८ र १९ गते काठमाडौँमा जनप्रतिनिधिका लागि प्रशिक्षणको आयोजना गरिएको पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव श्रीराम ढकालले जानकारी दिनुभयो । प्रशिक्षणमा निर्वाचित प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्षको सहभागिता हुनेछन् । जिल्ला समन्वय समिति गठन भएको अवस्थामा जिससका प्रमुख र उपप्रमुखलाई पनि कार्यक्रममा सहभागी गराइने उहाँले बताउनुभयो ।

कार्यक्रममा पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', पार्टीका शीर्ष नेता र विभिन्न क्षेत्रका विज्ञले प्रशिक्षण दिनुहुनेछ । पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिलाई जनताका पक्षमा जिम्मेवारीका साथ प्रस्तुत हुन स्पष्ट निर्देशन दिने माओवादी तयारी छ । माओवादीले जनप्रतिनिधिले गर्न हुने र नहुने कामसम्बन्धी निर्देशिका पनि तयार गरिरहेको मुख्यसचिव ढकालले जानकारी दिनुभयो ।

# कालभैरव मन्दिर संरक्षणमा चुनौती

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ जेठ (रासस)**

बागलुङको बलेवास्थित कालभैरव मन्दिरमा दर्शनार्थीको भीड लागेको थियो । भैरवस्थान मन्दिर वरपर दर्शनार्थी चढेका सवारीसाधनको थेगिनसक्नु चाप थियो । पछिल्लो समय भैर वस्थानमा दर्शनार्थीको आकर्षण यसरी नै बढ्दै गएको छ। सडकको सहज पहुँच र एक घण्टामै जिल्ला सदरमुकामबाट पुग्न सकिने भएकाले धार्मिक पर्यटकको आकर्षण भैरवस्थान मन्दिर बन्दै आएको छ।

अहिले भैरवस्थान पुग्ने सडकको सुधार भएसँगै ट्याक्सीसमेत पुग्न थालेका छन् । बागलुङ नगरपालिका-१२ अमलाचौरस्थित कालभैरव मन्दिर भकुण्डे र रायडाँडासँग समेत सिमाना जोडिएको छ । तर कालभैरव मन्दिरको संरक्षणका लागि सरोकारवालाको भने ध्यान पुग्न सकेको छैन । कालभैरव व्यवस्थापन समिति ६ वर्षदेखि पदाधिकारीविहीन हुँदा कालभैरव मन्दिर टुहुरोजस्तै बनेको स्थानीयवासीको भनाइ छ । धार्मिक हिसाबले अत्यन्तै महत्वपूर्ण क्षेत्रका रूपमा रहेको कालभैरव मन्दिर अहिले जीर्ण अवस्थामा छ । कालभैरव मन्दिरको प्रचार-प्रसारका कारण टाढा-टाढाबाट दर्शनार्थी आउने भए पनि उनीहरूलाई खानेपानी, आश्रयस्थललगायतको अभाव छ। मन्दिरको महत्व धेरै भए पनि संरक्षणमा कसैले चासो नदिँदा मन्दिर दिनप्रतिदिन जीर्ण बन्दै गएको छ । मन्दिर व्यवस्थापन समिति गठनलाई राजनीतिकरण गर्दा ६ वर्षदेखि पदाधिकारीविहीन बनेका कारण मन्दिरले सात वर्षअघि सारेको गुरुयोजनासमेत अलपत्र छ। बागलुङ नगरपालिका, अमालाचौर वडा कार्यालय र गण्डकी प्रदेशको साझेदारीमा मन्दिर वरपरको क्षेत्रमा केही सुधार भने भएको छ। तर मुख्य मन्दिरको पुनःनिर्माणमा कसैले चासो देखाएको पाइएको छैन। मन्दिरमा उठेको भेटीलगायत रकमको हिसाबकिताबसमेत छैन। मन्दिर व्यवस्थापन समितिका नाममा रहेको खाता ६ वर्षदेखि रोक्का छ । यो पाँच वर्षमा मात्रै बागलुङ नगरपालिका, अमलाचौर वडा कार्यालय र गण्डकी प्रदेशको झण्डै रु ४५ लाख मन्दिर व्यवस्थापनका लागि भौतिक पूर्वाधारमा खर्च भए पनि मन्दिर व्यवस्थापन समिति गठन गर्न नसक्दा मन्दिर सोचेजस्तो पुनःनिर्माण गर्न नसकिएको बागलुङ नगरपालिका-१२ का निर्वतमान वडाध्यक्ष गुरुदत्त पाठकले बताउनुभयो । "मन्दिरको महत्व बढेर गयो, सरोकारवालामा घट्दै गएको महसुस गरेर समिति गठन गर्न मालपोत कार्यालय, जिल्ला प्रशासन कार्यालय धाउँदाधाउँदै पाँच वर्ष बित्यो, अहिले नयाँ वडाध्यक्ष आउनुभएको छ", उहाँले भन्नुभयो। मुख्य मन्दिर पुनःनिर्माण गर्न नसकिए पनि पाँच वर्षमा त्यहाँ पुग्ने सडक सुधार, मन्दिर छेउछाउको जग्गा व्यवस्थापन, सत्तल निर्माण र खानेपानीको मर्मतसम्भार गरिएको छ।

मन्दिरमा सङ्कलन भएको भेटीलगायतको आर्थिक हिसाब-किताबसमेत व्यवस्थापन नहुँदा सार्वजनिक नभएको तर ठेक्कामार्फत सङ्कलन भएको रकम मन्दिर व्यवस्थापन समितिको खातामा जम्मा भए पनि उक्त खाता रोक्का भएको छ । समिति गठनमा बागलुङ नगरपालिकाले चासो नदिँदा मन्दिर पुनःनिर्माण गुरुयोजना ल्याए पनि अलपत्र परेको कालभैरव मन्दिर व्यवस्थापन समितिका पूर्वअध्यक्ष दीपेन्द्रबहादुर थापाले बताउनुभयो। उहाँले मन्दिर संरक्षणका लागि आएको बजेटमा समेत व्यवस्थापन समितलाई खबरै नगरी कार्यान्वयनमा ल्याइएको बताउनुभयो। मन्दिर पुनःनिर्माणका लागि काठको व्यवस्थापन भइसकेको छ।

बागलुङ बजारबाट कालभैरव मन्दिर आउनका लागि आधिकांश बाटो कालोपत्र भइसकेको छ भने चार किलोमिटर सडक कालोपत्र गर्न बाँकी छ। बागलुङ नगरपालिका-१२ का नवनिर्वाचित वडाध्यक्ष कोपिलामणि शर्माले दर्शनार्थीको चाप बढिरहेको मन्दिरमा व्यवस्थापन भने डामाडोल रहेको स्वीकार गर्नुभयो । उहाँले आफूले समिति गठनका लागि आवश्यक पहल गर्ने बताउनुभयो । "नयाँ समिति गठन गरी खाता सञ्चालन गर्ने, गुरुयोजनाअनुसार मन्दिर पुनःनिर्माण गर्ने र हालसम्म व्यवस्थापन समितिको खातामा रहेको रकम सार्वजनिक गरिनेछ", उहाँले भन्नुभयो । विसं १७८० तिर पाल्पाबाट ल्याइएको कालभैरवलाई यहाँ स्थापना गरिएको विश्वास गरिएको छ । मन्दिरमा प्रत्येक हप्ता मङ्गलबार र शनिबार विशेष पूजा हुने गर्दछ।

# पोखरा महानगर प्रमुखमा एकीकृत समाजवादीका आचार्य, उपप्रमुखमा एमालेका गुरुङ

## विद्यार्थी राजनीति हुँदै महानगरको प्रमुखसम्म धनराज

**वासुदेव पौडेल / कृष्ण दवाडी**
**पोखरा, ११ जेठ (रासस)**

कास्कीको पोखरा महानगरपालिकाको प्रमुखमा सत्तारुढ गठबन्धनका साझा उम्मेदवार नेकपा (एकीकृत समाजवादी)का धनराज आचार्य र उपप्रमुखमा नेकपा (एमाले) की मञ्जुदेवी गुरुङ विजयी हुनुभएको छ।

स्थानीय तह सदस्य निर्वाचन-२०७९ अन्तर्गत गत वैशाख ३१ गतेदेखि सुरु भएको मतगणनाको आज बिहान सार्वजनिक गरिएको अन्तिम मतपरिणामअनुसार प्रमुखमा आचार्यले एमालेका कृष्णबहादुर थापालाई ६ हजार ४५ मतले पराजित गर्नुभएको हो । आचार्यले ५८ हजार ८९३ मत प्राप्त गर्दा उहाँका निकटतम् प्रत्यासी थापाले ५२ हजार ८४८ मत ल्याउनुभयो।

यसैगरी प्रमुखमा राप्रपाका शङ्कर खरालले पाँच हजार ६७४, स्वतन्त्रका खडकराज पौडेलले तीन हजार ३०, मङ्गोल नेशनल अर्गनाइजेशनका प्रेमप्रसाद गुरुङले ५४६ र विवेकशील साझाका सुशीला केसीले ३३८ मत प्राप्त गर्नुभयो । पोखराको प्रमुखमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी २० उम्मेदवार चुनावी मैदानमा उत्रिनुभएको थियो।

यसैगरी उपप्रमुखमा सत्ता गठबन्धनबाट नेपाली कांग्रेसकी कोपिला रानाभाटलाई पराजित गर्दै एमालेकी गुरुङ दोस्रो कार्यकालका लागि विजयी हुनुभयो। गुरुङले ६० हजार ५४६ मत प्राप्त गर्दा उहाँका निकटतम् प्रत्यासी रानाभाटले ५६ हजार ६६३ मत ल्याउनुभयो।

उपप्रमुखमा राप्रपाका रञ्जनाकुमारी सेन पौडेलले पाँच हजार ६९९, विवेकशील साझाका माधव भण्डारीले २६४ र आमुल परिवर्तन मसिया पार्टीका पदमबहादुर गुरुङले १३४ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । उपप्रमुखमा राजनीतिक दल तथा स्वतन्त्र गरी आठ उम्मेदवार चुनावी मैदानमा हुनुहुन्थ्यो । पोखरा महानगरका ३३ वडामध्ये कांग्रेसले २३, एमालेले नौ र वडा नं २२ मा स्वतन्त्र उम्मेदवार हिमलाल बराल विजयी हुनुभएको छ। विसं २०७४ को पहिलो स्थानीय तह निर्वाचनमा प्रमुख, उपप्रमुखसहित २२ वडामा एमाले विजयी बनेको थियो।

**विद्यार्थी राजनीति हुँदै महानगरको प्रमुखसम्म धनराज**

पोखरा महानगरपालिका-३३ भरतपोखरीको गैरागाउँमा बुवा ऋतुनाथ आचार्य र आमा जमुनादेवी आचार्यको कोखबाट २०२६ चैत १७ गते जन्मिनुभएका धनराज आचार्य नेकपा (एकीकृत समाजवादी)को कास्की अध्यक्षका साथै केन्द्रीय सदस्यको जिम्मेवारीमा हुनुहुन्छ। विसं २०३९ मा १३ वर्षको उमेरमा भरतपोखरीमा अनेरास्ववियुको प्रारम्भिक कमिटीको सदस्यतासँगै उहाँले विद्यार्थी राजनीति सुरु गर्नुभएको थियो।

विद्यालयबाट आरम्भ भएको उहाँको विद्यार्थी राजनीतिले क्याम्पस तहमा पुगेपछि थप गति लियो । देशकै ठूलो र प्रतिष्ठित मानिने पोखराको पृथ्वीनारायण क्याम्पसमा उहाँ अनेरास्ववियुको प्रारम्भिक कमिटीमार्फत सक्रिय बन्नुभयो। एमालेसम्वद्ध विद्यार्थी सङ्गठनमा २०४४ सालमा आवद्ध भएपश्चात उहाँले अनेरास्ववियुको विभिन्न जिम्मेवारी सम्हाल्नुभएको थियो । विसं २०४५ मा अनेरास्ववियुको कास्की जिल्ला सदस्य रहनुभएका आचार्य त्यसपछि सङ्गठनको सचिव र अध्यक्षका रूपमा सक्रिय बन्नुभयो। विसं २०४८ मा अनेरास्ववियुको गण्डकी अध्यक्ष बन्नुभएका उहाँ २०४९ मा सो सङ्गठनको केन्द्रीय सदस्य बन्नुभयो।

पृथ्वीनारायण क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको निवार्चनमा विभिन्न पदमा निर्वाचित भई जिम्मेवारी सम्हाल्नुभएका उहाँ २०४९ सालमा पृथ्वीनारायण क्याम्पस स्ववियुको कोषाध्यक्ष बन्नुभयो भने २०५१ मा स्ववियुको सभापति निर्वाचित हुनुभयो । विसं २०५१ देखि २०५३ सम्म स्ववियु काउन्सिलको महासचिव बन्नुभएका आचार्यले अनेरास्ववियुमा २०५० देखि २०५४ सम्म पश्चिमाञ्चल प्रमुख र २०५४ देखि २०५८ सम्म केन्द्रीय सचिवालय सदस्य बनेर विभागीय प्रमुखको जिम्मेवारी निर्वाह गर्नुभएको थियो।

विद्यार्थी राजनीतिमा जस्तै पार्टी जीवनमा पनि उहाँ कलिलै उमेरमा लाग्नुभएको थियो। चौध वर्षको उमेरमा नै उहाँ तत्कालीन नेकपा (माले)को युवा लिगमा आवद्ध हुनुहुन्थ्यो। विसं २०४५ मा राष्ट्रिय पञ्चायतका सदस्य प्रत्याह्वानविरुद्धको आन्दोलनमा घाइते र गिरफ्तार आचार्य दुई वर्ष निरन्तर जेलका राजबन्दी र पार्टीबीचको सम्पर्क सूत्रको जिम्मेवारीमा रहनुभयो । उहाँले विसं २०४७ मा मालेको सङ्गठित सदस्यता प्राप्त गर्नुभएको थियो। तत्पश्चात उहाँले २०४६ सालदेखि पाँच वर्षसम्म पार्टी विद्यार्थी इलाका कमिटीमा सदस्य र सचिवको जिम्मेवारी निर्वाह गर्नुभयो। नेकपा (एमाले) कास्की जिल्ला कमिटी सदस्यका रूपमा २०५२ सालमा जिम्मेवारीमा रहनुभएका नेता आचार्य २०५४ मा पार्टी विभाजनका बेला नेकपा (माले)मा आवद्ध हुनुभयो । विसं २०५४ मा मालेको कास्की जिल्ला कमिटीको सचिवालय सदस्य रहनुभयो । पार्टीको विद्यार्थी सङ्गठनबाट राजनीतिक यात्रा सुरु गर्नुभएका आचार्यले व्यावसायिक सङ्गठनहरूको नेतृत्वमा रहेर पनि कार्य गर्नुभयो। विसं २०६० मा एमाले कास्कीको उद्योग व्यवसाय विभाग प्रमुख रहनुभएका उहाँ २०६४ देखि पाँच वर्षसम्म फ्रयाक्सन सचिवका रूपमा रहनुभयो।

त्यसैगरी विसं २०६९ देखि २०७६ सम्म नेपाल उद्योग व्यवसायी महासङ्घको स्थायी कमिटी सदस्य र २०७१ देखि चार वर्षसम्म एमाले केन्द्रीय उद्योग तथा श्रम व्यवसाय विभाग सदस्य बन्नुभयो । विसं २०७५ देखि २०७८ सम्म नेकपाको उद्योग तथा व्यवसाय विभाग सदस्य रहनुभएका आचार्य पार्टीमा आन्तरिक विवादसँगै अगाडि बढेका समानान्तर गतिविधिमा सामेल हुनुभयो । एमालेभित्र कास्कीमा समानान्तर गतिविधि अगाडि बढाउन उहाँले नेतृत्व लिनुभयो।

विसं २०७८ मा एमाले जिल्ला कमिटी कास्कीको सामानान्तर अध्यक्ष बन्नुभयो । एमालेभित्र नेता माधवकुमार नेपालले थालेको समानान्तर गतिविधिमा सामेल उहाँ पार्टी विभाजनसँगै स्थापना भएको नेकपा (एकीकृत समाजवादी)को जिल्ला नेतृत्वमा रहनुभएको छ।

राजनीतिबाहेक उहाँ विभिन्न व्यावसायिक र सामाजिक संस्थामा पनि अध्यक्ष, सञ्चालक र प्रमोटरका रूपमा आवद्ध रहँदै आउनुभएको छ । उहाँको पाठ्यपुस्तक प्रकाशन गृह, शैक्षिक सामग्री उद्योग, स्कुल-कलेज सञ्चालन, रासायनिक मल उद्योग र हाइड्रोपावरजस्ता व्यावसायिक क्षेत्रमा संलग्नता छ। त्यसैगरी कृषि, पर्यटन, बैंकिङ र हस्पिटालिटीलगायत दुई दर्जन व्यासायिक प्रतिष्ठानमा आचार्य संग्लन हुनुहुन्छ।

नेपाल पुस्तक तथा व्यवसायी महासङ्घको महासचिव र राष्ट्रिय अध्यक्ष, पोखरा उद्योग वाणिज्य सङ्घको कार्यकारी सदस्य, उच्चस्तरीय पुस्तक नीति मस्यौदा समितिको विज्ञ सदस्य र पाठ्यपुस्तक मूल्य निर्धारण समितिमा विज्ञ सदस्यका रूपमा उहाँले कार्य गरिसक्नुभएको छ।

पोखरा महानगरको शिक्षा विज्ञ, लायन्स क्लब्स अन्तर्राष्ट्रिय डिस्ट्रिक ३२५ बी-१ को क्याबिनेट सेक्रेटरी र गभर्नर रहनुभएका उहाँ स्व रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठान पोखराको महासचिव हुनुहुन्छ । पढाऔँ अभियान नेपालका सूत्रधार उहाँले अर्थतन्त्र, शिक्षा प्रणाली तथा नीतिका सन्दर्भमा दर्जनौँ कार्यपत्र प्रस्तुत गर्नुभएको छ । विभिन्न तालिम र अध्ययनका सिलसिलामा आचार्यले विश्वका ४५ देशको भ्रमण गरिसक्नुभएको छ। भरतपोखरीको शान्ति उदय मावि हुँदै शैक्षिक यात्रा सुरु गर्नुभएका उहाँले एमबीए र एमएडसम्मको अध्ययन गर्नुभएको छ।

# आन्तरिक आयको स्रोत खोज्दै बेनीका जनप्रतिनिधि

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ११ जेठ**

म्याग्दीको बेनी नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिले आन्तरिक आम्दानी वृद्धिका लागि स्रोतको पहिचानमा जुटेका छन्।

नगरपालिकाको विकास गतिविधि, कार्यक्रम सञ्चालन र नागरिकको सेवासुविधा वृद्धिका लागि आम्दानीको स्रोत पहिचान र परिचालनमा अध्ययन थालिएको नगरप्रमुख सुरत केसीले नेपाल पत्रकार महासङ्घ म्याग्दीले बुधबार आयोजना गरेको कार्यक्रममा जानकारी दिनुभयो।

"वार्षिक रु चार करोडभन्दा बढी आन्तरिक आम्दानी हुनुपर्ने रहेछ", उहाँले भन्नुभयो, "नदीजन्य वस्तुको उत्खनन र निकासीको ठेक्का नहुनु, व्यवसाय र घरबहाल कर उठाउन नसक्नु आदिका कारणले करिब रु तीन करोड पचास लाखको लक्ष्य भेटाउन पनि चुनौती देखिएको छ।" आन्तरिक आम्दानीको लक्ष्य पूरा गर्न बक्यौता रकम उठाउन कदम चालिने नगरप्रमुख केसीले बताउनुभयो । नगर उपप्रमुख ज्योति लामिछाने पौडेलले सङ्घ र प्रदेश सरकारसँगको साझेदारीमा कार्यान्वयन गर्न आर्थिक वर्षको पहिलो चौमासिकमै ठेक्का लागेको केही आयोजना अहिलेसम्म सुरु नहुँदा आगामी आर्थिक वर्षका लागि नगरपालिकामा दायित्व सिर्जना हुने देखिएको बताउनुभयो । "ठेक्का लागेर काम नभएका योजनाको स्थलगत अनुगमन र निर्माण व्यवसायीलाई तोकिएको परिणामको काम गर्न ताकेता गरेका छौँ", उहाँले भन्नुभयो, "योजना र बजेट कार्यान्वयन आर्थिक वर्षको पहिलो चौमासिकदेखि नै थालेर आएको बजेटसमेत परिचालन नहुने, योजना अधुरा बन्ने समस्या हटाउँछौँ ।" नगरप्रमुख केसीले हरेक महिनाको १५ गते नगरपालिकाको सबै स्वास्थ्य संस्थामा नसर्ने रोगका बिरामी पहिचान गर्न शिविर सञ्चालन गर्न लागिएको बताउनुभयो । चिनीरोग, रक्तचाप र युरिक एसिडको परीक्षण गरिने शिविर सञ्चालनका लागि बेनी अस्पतालसँग समन्वय गर्ने उहाँले बताउनुभयो।


## Invitation for Bids
### INF Nepal Green Pastures Hospital
### Pokhara-15, Kaski, Gandaki Province, Nepal

INTERNATIONAL NEPAL FELLOWSHIP

**Invitation for Bids for the Construction of Physiotherapy OPD Shelter at INF Nepal Green Pastures Hospital**
**First Date of Publication: 17th May, 2022**

1. INF Nepal Green Pastures Hospital, Pokhara-15 invites bids from eligible bidders for the construction of Physiotherapy OPD Shelter at INF Nepal Green Pastures Hospital.
2. Bidding documents are available at the administration office of INF Nepal Green Pastures Hospital, Pokhara-15, Kaski. Interested bidders shall obtain the bidding documents from the administration office or can email to info.gph@nepal.inf.org and deposit the cost of bidding document of NRs 2,000 in the following bank:
   **Name of the Bank: Sanima Bank Limited** **Bank Branch: Pokhara Branch**
   **Name of Office: INF Nepal Green Pastures Hospital** **Bank Account No.: 006010010000155**
3. Interested bidders shall submit the bids to INF Nepal Green Pastures Hospital on or before 16:00 PM on 30th, May 2022. Bids received after this deadline will be rejected.
4. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date.
5. The bidders shall submit the copy of PAN/VAT Registration, Company/Firm Registration and Tax Clearance of FY 2077-78.
6. Eligible Bidders may obtain further information at the administration office of Green Pastures Hospital, Pokhara-15, Kaski.
7. Any discrepancies or error in the bid document, bid notice or any other document will be as per purchasing policy of INF Nepal Green Pastures Hospital; the office of INFGPH reserves the right to correct, amend or reject the tender process at any time.
8. For further information, email to: info.gph@nepal.inf.org or Tel 977 61 430342



## SURYA BLENDERS PVT LTD
### Tanahu, Nepal
### मुल्य सुची सम्बन्धमा सुचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डहरुको मदिरा नेपाल अधिराज्य भित्र विक्री वितरण गर्न आ. व. ०७८।०७९ का लागि मिति २०७९।०२।१२ देखि लागू हूने गरी निम्न बमोजिम मुल्य प्रकाशित गरिएको हूंदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मुल्यमा अन्तःशूल्क, मु. अ. कर र अन्य शूल्क समेत समावेश गरिएको छ ।

| मूल्य बिवरण (प्रती कार्टून) | Fatafat Orange 70 UP 300 ML |
|---|---|
| नेशनल डिष्ट्रिब्यूटर्स मुल्य | ८७५।०० |
| नेशनल डिष्ट्रिब्यूटर्स कमिशन | २५।०० |
| डिष्ट्रिब्यूटर्स मुल्य | ९००।०० |
| डिष्ट्रिब्यूटर्स कमिशन | ४०।०० |
| होलसेल मुल्य | ९४०।०० |
| होलसेल कमिशन | ३५।०० |
| रिटेल मुल्य | ९७५।०० |
| रिटेल कमिशन | ७५।०० |
| उपभोक्ता मुल्य | १,०५०।०० |
| उपभोक्ता मुल्य प्रती बोतल | ३५।०० |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा ब्यपारीक एवं अन्य छुटहरु समाबेस गरिएकोले आवश्यकता अनूसार बिभिन्न तहमा ब्यपारीक एवं छूटहरु र हाल अनूमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ । नगद छूटको हकमा पनि कम्पनीको अधिकृत बिक्रेताहरुले तथा अन्य तोकिएका बिक्रेताहरुले कम्पनीले तोके बमोजिम मात्र कमिशन प्राप्त गर्नपर्नेछ ।